# कपिलवस्तु नगरपालिका

## बीसौं नगरपरिषद्

## २३ पौष २०७२

आज मिति २०७२ साल पौष २३ गतेका दिन नेपाल सरकार (मन्त्रीपरिषद)को मिति २०६३/५/१२ को निर्णय एवं श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६८/९/१९ को निर्णय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय निकाय सहयोग शाखाको च.नं. २७३ मिति २०६८/९/२० को पत्रानुसार नगरपरिषद्को क्षेत्राधिकार प्रयोग गर्दै आउनु भएका कार्यकारी अधिकृत श्री निरन भट्टराईज्यूको अध्यक्षतामा कपिलवस्तु नगरपालिकाको बीसौं नगरपरिषद्को बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | कार्यकारी अधिकृत श्री निरन भट्टराई | प्रमुख |

**सहजकर्ता**

| | | | |
|---|---|---|---|
| १. | श्री चण्डी प्रसाद देव | योजना तथा प्राविधिक शाखा प्रमुख | क.व.न.पा.का. |
| २. | श्री बलराम न्यौपाने | आर्थिक प्रशासन शाखा प्रमुख | क.व.न.पा.का. |
| ३. | श्री पदमराज श्रेष्ठ | सामाजिक विकास शाखा प्रमुख | क.व.न.पा.का. |
| ४. | श्री गौतम शाक्य | प्रशासन शाखा प्रमुख | क.व.न.पा.का. |
| ५. | श्री नारायण चौधरी | भौतिक पुर्वाधार उपशाखा | क.व.न.पा.का. |
| ६. | श्री हरिशंकर प्रसाद चौधरी | शहरी योजना उपशाखा | क.व.न.पा.का. |
| ७. | श्री जीवनाथ पाण्डेय | जिन्सी, पन्जिकरण उपशाखा प्रमुख | क.व.न.पा.का. |
| ८. | श्री फुलचन्द्र गुप्त | वातावरण उपशाखा | क.व.न.पा.का. |
| ९. | श्री सत्य गिरी | सामाजिक विकास शाखा | क.व.न.पा.का. |
| १०. | श्री रोशन गिरी | सामान्य प्रशासन उपशाखा | क.व.न.पा.का. |
| ११. | श्री जीतमन प्रसाद कान्दु | शहरी योजना उपशाखा | क.व.न.पा.का. |
| १४. | श्री सहाबुद्दीन दर्जी | राजश्व अभिलेख तथा सङ्कलन उपशाखा | क.व.न.पा.का. |

**निर्णय नं.१**

कपिलवस्तु नगरपालिका कार्यालयको आ.ब. २०७१/०७२ को स्वीकृत कार्यक्रम तथा बजेट अनुसार सुपरिवेक्षण तथा अनुगमन समितिबाट अनुगमन तथा निरिक्षण भई प्राविधिकबाट भएको मुल्याङ्कन सहित कार्य सम्पन्न प्रतिवेदन अनुसार आयोजना जाँचपास समितिबाट जाँचपास तथा फरफारक भएका अनुसुची १ बमोजिमका आयोजनाहरु स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १२३ बमोजिम अनुमोदन गरियो ।

**निर्णय नं. : २**

कपिलवस्तु नगरपालिकाको नगरपालिका बोर्ड बैठकबाट २०७१ साल पौष २९ गते देखि २०७२ साल पौष २२ सम्म भएका निर्णयहरु अनुमोदन गरियो ।

**निर्णय नम्बर : ३**

कपिलवस्तु नगरपालिकाको एकीकृत विकासका लागि आ.व २०७३/०७४ को लागि तपसिल बमोजिमको प्राथमिकता, नीति तथा कार्यक्रम स्वीकृत गरियो ।

**क) प्राथमिकता :**

नगरपालिकाबाट निम्न बमोजिमको प्राथमिकताको आधारमा विषयगत क्षेत्रगत नीति, कार्यक्रम तर्जूमा गरिनेछ ।

१. नगरपालिकाको वर्तमान योजना पद्धतिमा परिमार्जन गरी दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यसंग सामन्जस्य हुने गरी आवधिक योजना सहितको गुरुयोजना, गरिवी न्युनीकरण रणनीति पत्र र अन्य विषयगत तथा क्षेत्रगत योजनाहरुको तर्जुमा गर्ने ।

२. वित्तीय विकेन्द्रीकरणको भावना अनुसार नगरपालिकाले लगाउन र उठाउन पाउने कर तथा गैर कर राजश्वका बृहत क्षेत्रहरुको पहिचान, संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य गर्दै आन्तरिक तथा बाह्य राजश्वका नयां श्रोतहरुको पहिचान र उपलव्ध श्रोतहरुको अधिकतम् परिचालन गर्ने ।

३. शहरी आधारभूत सेवाहरु जस्तै सडक यातायात संजाल विकास, विस्तार एवं स्तरोन्नती, सफा खानेपानी, ढल निकास, सरसफाई एवं वातावरण सन्तूलन र विकास गर्ने ।

४. महिला, बालबालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, पिछडिएका वर्ग र विपन्न तथा सिमान्तकृत समुदायको विकास गर्ने ।

५. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका स्थानीय सरकार, स्थानीय निकायसंग सम्बन्धित संघसंस्थाहरुसँग भातृत्वपुर्ण सम्बन्ध विकास तथा विस्तार गर्ने ।

६. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, संचालन तथा व्यवस्थापनसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई सूचना प्रविधिको अधिकतम उपयोग गर्ने ।

७. नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सूदृढिकरणका लागि नगर क्षमता विकास योजना कार्यान्वयन गर्ने ।

८. प्रकोप व्यवस्थापन योजना तर्जूमा तथा कार्यान्वयन गर्ने ।

९. समुदायमा आधारित टोल विकास संस्थाहरु र अन्य सहयोगी सघसंस्थाहरुको सशक्तिकरण गर्ने ।

**ख) नीति :**

**(१) शहरी विकास तथा भौतिक पूर्वाधार नीति :__"शहरी पूर्वाधारको आधार , सडक निर्माण र सुधार"**

- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत परिचालन हुने जगेडा कोष, स्थानीय आयोजना, सडक बोर्ड नेपाल र अन्य निकाय समेतबाट प्राप्त हुने अनुदान रकम अन्तर्गत संचालन हुने कार्यक्रमहरुलाई व्यवस्थित सहर निर्माणको आबश्यक पर्ने भौतिक पूर्बाधारहरुको विकासमा जोड दिइनेछ ।

- क्षेत्रगत कार्यक्रम र लक्षित वर्ग कार्यक्रममा गरीबी न्यूनीकरण रणनीतिपत्रको सूचकको आधारमा लागत सहभागिता नीतिमा सामुदायिक परिमार्जन गरी समन्यायिक लागत सहभागिता नीति कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाबाट संचालन हुने पुर्वाधार विकास कार्यक्रमहरुमा सरोकारवालाहरुबाट कार्यस्थलमा नै सार्वजनिक तथा सामाजिक परिक्षण गर्ने अभ्यासलाई थप प्रभावकारी बनाइने छ ।
- विकास निर्माणका कार्यमा संलग्न स्थानीय टोल विकास संस्था र उपभोक्ता समितिले गरेका कार्यहरुको मुल्याङ्कन गरी सर्वोत्कृष्ट कार्य गर्नेलाई सम्मान गरिनेछ ।
- नगरक्षेत्र भित्र प्रयोगमा रहेका सडकहरुको सार्वजनिक लगत कट्टा गर्ने कार्यलाई अभियानको रुपमा निरन्तरता दिइने छ साथै खुल्ला सार्वजनिक स्थानको संरक्षण सर्म्बधन गर्ने ।
- नगरक्षेत्रको सडक संजालमा सबै नगरवासीहरुको पहूंच बढाउन आवश्यकता र औचित्यको आधारमा नयां सडकको निर्माण र भएका सडकहरुको स्तरोन्नती गरिनेछ ।
- स-साना आयोजना सञ्चालन गर्नुको साटो समयमै सम्पन्न हुन सक्ने उप्लब्धीमुलक आयोजना सञ्चालन गर्दा गुणस्तरलाई उच्च प्राथमिकता दिईनेछ ।
- बढ्दो शहरीकरणलाई व्यवस्थित तथा सुरक्षित गर्ने उद्देश्यका साथ विगतमा कामय रहेको नक्सापास तथा भवन निर्माण मापदण्डलाई नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत "वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२" को आधारमा तयार गरिएको "कपिलबस्तु नगरपालिका भवन निर्माण मापदण्ड २०७२" लाई २०७२ माघ १ गते देखि पूर्ण रुपमा कार्यान्वयनमा लगिनेछ ।
- नगर क्षेत्र भित्रका उपयूक्त स्थानमा सःशूल्क पार्किङ व्यवस्थालाई अफ व्यवस्थित गर्दै लगिने छ

**(२) आर्थिक प्रशासन तथा राजश्व परिचालन नीति : :"आन्तरिक स्रोतको आधार, कर प्राणलीमा सुधार"**

- नगर स्तरिय राजश्व परामर्श समिति तथा राजश्व प्रक्षेपण सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित सुझाव एवं सिफारिसलाई नगरपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।
- बक्यौता बेरुजु एवं पेश्की फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी असूल उपर गर्नु पर्ने रकम कडाईका साथ असूल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइने छ ।
- बेरुजुलाई निरुत्साहित गर्दै जाने क्रममा कुल स्वीकृत कार्यक्रम तथा बजेटको १% (एक प्रतिशत) भन्दा बढी रकम बेरुजु नबढ्ने नेपाल सरकारको नीतिलाई सफलता प्रदान गर्न बिशेष पहल गरिनेछ ।
- आन्तरिक श्रोतका कर, शुल्क, महशूल असूली व्यवस्थालाई प्रभावकारी बनाई नगर विकासको गतिलाई दिगो र भरपर्दो बनाउनको लागि राजश्व असूलीको योजनालाई निरन्तरता दिईनेछ । नगरपालिकालाई बुझाउनु पर्ने चालू आ.व.को कर, शूल्क, महशूल जस्ता करहरु बैशाख मसान्त भित्र बुझाएमा १० (दश) प्रतिशत छुट दिने गरिएको छ ।
- नगरपालिकाको न्यून आन्तरीक श्रोतले गर्दा भौतिक पुर्वाधार विकास निर्माण तथा सेवा सुविधा प्रवाहमा हुने वित्तिय श्रोतको कमिलाई पुरा गर्न संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, दातृ निकाय जिल्ला विकास समिति, विषयगत कार्यालय, संघ संस्था, निजी क्षेत्र तथा नागरिक समाज लगायत सम्भाव्य सबै क्षेत्रको श्रोत साधनको अधिकतम परिचालन गर्न बिशेष पहल गरिनेछ ।
- महिलाहरुको स्वामित्वमा रहेको घर घडेरी जग्गा र घर नक्सा पास तथा व्यापार व्यवसायमा लाग्ने करमा १० (दश) प्रतिशत विशेष छुट दिने व्यवस्था अपनाइने छ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्ति तथा अन्य सरकारी सार्वजनिक सम्पदाहरुको उचित संरक्षणलाई निरन्तरता दिइने छ ।
- व्यवसाय कर, बहाल कर तथा अन्य श्रोतहरुको लगत अद्यावधिक गर्दै लगिने छ ।
- नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको आन्तरिक आयका श्रोतहरु पर्याप्त हुंदाहुंदै पनि साधन र श्रोतको पहिचान तथा समुचित उपयोग हून नसकेको सन्दर्भलाई मध्यनजर गरी आगामी दिनहरुमा श्रोतको पहिचान र उचित व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक श्रोत वृद्धि गर्दै लैजाने नीति अवलम्वन गरिने छ ।
- आन्तरिक राजश्व अभिबृद्धिका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत व्यवसाय कर, पसल घर जस्ता क्षेत्रमा भएको सार्वजनिक निजी साझेदारीमा जोड दिइने छ ।

**(३) आर्थिक तथा सामाजिक विकास नीति :**

**(क.) वातावरण, स्वास्थ्य र सरसफाई नीति :**

- नगर भित्र निष्कासन हुने फोहरको अन्तिम विसर्जन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुसंगको सहकार्यमा नमूना क्षेत्र छनौट गरी कार्यक्रमहरु संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनूरुप फोहर व्यवस्थापन सम्बन्धी जिम्मेवारी निजी क्षेत्रमा हस्तान्तरण गर्दै जाने र फेहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउने नीति अंगिकार गरिनेछ ।
- वातावरणीय संरक्षण तथा प्रकोप व्यवस्थापनको क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायहरुको भुमिका प्रवर्द्धन गर्न सहकार्यको लागि नगरस्तरीय वातावरण संरक्षण तथा स्थापित प्रकोप व्यवस्थापन कोष बृद्धि तथा कार्यान्वयन गर्ने तर्फ सरोकारवालाहरु समेतको सहकार्यमा कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिका र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंगको साझेदारीमा संचालित स्वास्थ्य क्षेत्रसंग सम्बन्धित कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- खुला दिसा मुक्त क्षेत्र घोषणा गर्ने कार्यलाई प्रभावकारी बनाउदै वातावरण संरक्षणका लागि नक्सा पास गर्ने क्रममा शौचालय तथा वृक्षारोपणलाई कडाईका साथ लागू गरिने छ ।
- नगरको सरसफाई तथा वातावरणीय स्वच्छता कायम राख्न सार्वजनिक निजी साझेदारीमा कार्यक्रम तय गरी वातावरणीय मैत्री विकास निर्माण प्रकृयालाई अगाडी बढाउने नीति समन्वयात्मक ढंगले अवलम्वन गरिनेछ ।

**(ख) समुदाय विकास नीति : "टोलको विकास समुदायको उत्थान, वडाको बृत्ति नगरको समृद्धिः"**

- समावेशी र समतामुलक विकासको लागि महिला, बालबालिका, दलित, जनजाती, आदिवासी, अल्पसंख्यक समुदाय लगायत पिछडीएको/पछाडी पारिएको क्षेत्रहरुमा टोल विकास संस्थाको माध्यमद्धारा एकीकृत प्याकेजको रुपमा लक्षित वर्ग कार्यक्रम तथा सामाजिक परिचालनद्वारा शहरी गरिबी न्यूनीकरण र शहरी सुशासन कायम गर्दै लगिने छ ।
- कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरी कृषि उत्पादनका लागि कृषक तथा सो संग सरोकार राख्ने संघसंस्थाहरुसंगको सहकार्यमा सहयोगी कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
- टोल विकास तथा सामूदायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सक्रियातामा "एक घर, एक सदस्य" नाराका साथ टोल विकास संस्था गठन अभियान संचालन गरिनेछ ।
- सामुदायिक संस्थाहरु एंव लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संस्थागत विकास, आयमुलक एवं सीपमुलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरुमा टोल विकास संस्थाको प्रतिनिधित्वलाई सुनिश्चित तुल्याइने
- वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र नगर सरसफाईको कार्यमा टोल विकास संस्थाको भूमीकालाई प्रभावकारी तुल्याउन प्रोत्साहन पुरस्कारको व्यवस्था मिलाइने छ ।

**(ग) समाबेशी विकास नीति :**

- महिला, एकल महिला, बाल बालिका, दलित, जनजाती, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सूविधा उपलब्ध गराउने लक्षित समुहको लगत अद्यावधिक गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- नगरपालिकाबाट उपलव्ध हुने सेवाहरु असहाय, अपाङ्ग, वृद्ध वृद्धा एवं दृष्टिविहिनहरुको लागि एकद्धार प्रणालीबाट उपलव्ध गराउने नीति लिइनेछ ।
- नगर क्षेत्रको खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास एवं सुधारका लागि जिल्ला खेलकुद समितिसंगको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ ।

- बालबालिकाका लागि बालमैत्री विकास कार्यक्रम संचालन गरिने प्रभावकारी विशेष नीति र स्कुल छात्रवृत्ति कोष दिईने छ ।

**(घ) कृषि नीति**

- व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुर्‍याउने खालका कार्यक्रमहरु संचालन गरी कृषि व्यवसायबाट कृषकहरुको स्तरोन्नती हुने किसिमका आधुनिक, वैज्ञानिक तथा ब्यबसायिक कृषि प्रणाली कार्यक्रम संचालनलाई प्रोत्साहन गरिनेछ ।

**४. सुशासन प्रर्वद्धन एवं संगठन विकास नीति :**

- नगरवासीलाई सुसुचित गराउने उद्देश्यले नगरपालिकाले गरेको विभिन्न क्रियाकलाप तथा सूचनाहरुलाई बूलेटिन चौमासिक रुपमा प्रकाशन गर्ने र Website, रेडियो, पत्रिका मार्फत सार्बजनिक गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- नगरपालिकाले प्रदान गरेको सेवा सुविधाको सम्बन्धमा नागरिक वडापत्र अद्यावधिक, जनगुनासो सुन्ने व्यवस्था, कर सम्बन्धि निःशुल्क फारम वितरण तथा फारम भर्न सहयोग गर्ने कार्यलाई निरन्तरता प्रदान गरिने छ ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन पद्धतिलाई सचेतिकरण र पुरस्कृत प्रभावकारी र बैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाइनेछ ।
- नगरपालिकाबाट सम्पादन हूने कामहरुलाई थप प्रभावकारी बनाउन स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम विषयगत र क्षेत्रगत कोषहरु स्थापना गरी संचालनमा ल्याइने छ ।
- नेपाल सरकारबाट पारित न्युनतम शर्त तथा कार्य सम्पादन मापन (MCPM) निर्देशिका बमोजिमको कार्य सम्पन्न गर्न सबै शाखा, उपशाखा तथा इकाईलाई थप प्रभावकारी बनाई निरन्तरता दिइने छ ।
- नगरपालिकाको वार्षिक नीति, कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन सुपरिवेक्षण एवम् अनुगमन संयन्त्रको व्यवस्था गरिनेछ ।
- मानव संशाधन विकास तथा संस्थागत क्षमता विकासलाई उच्च प्राथमिकता दिईनेछ ।
- सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षणलाई निरन्तरता दिईनेछ
- क्षतिपूर्ति सहितको बडापत्र कार्यान्वयनमा जोड दिइनेछ ।

**ग) आगामी आर्थिक वर्षमा संचालन गरिने कार्यक्रमका प्रमूख नीतिहरु :**

१) अत्यावश्यक, अनिवार्य र ठूला परियोजना संचालनका लागि स्रोतको खोजी गर्ने ।

२) त्रिवर्षिय अन्तरिम योजना, सहस्राब्दी विकास लक्ष्य र आवधिक नगर विकास योजनाका लक्ष्यलाई परिपूर्ति हूने योजनालाई प्राथमिकता दिने ।

३) कार्यालयको प्रशासनिक ढाँचालाई शिर्जनशील बनाउन पेश्की बेरुजू फरफारक गर्ने, लिलाम विक्री, मिन्हा र राजश्व तथा ऋण असुलीमा प्रभावकारी कदम चालिने ।

४) सूशासन, पारदर्शिता, जवाफदेहिता वृद्धि गर्न सार्वजनिक परिक्षण, सूनूवाई र रेडियो कार्यक्रम संचालन गर्ने ।

५) स्थानीय निकायका कर्मचारीको क्षमता विकास कार्ययोजना तयार गरी लागू गर्ने ।

६) रोजगारी सिर्जनामा जोड दिदैं आयोजना संचालन गर्दा उपभोक्ता समिति एवं टोल विकास संस्थालाई प्राथमिकता दिने ।

७) शहरी वडामा अनिवार्य लागत सहभागिता र ग्रामीण वडामा ऐच्छिक र श्रम सहभागितामा जोड दिइने छ ।

८) वालवालिका, दलित, जनजाति, पिछडावर्ग, महिला र अपाङ्ग सम्मिलित परियोजना कार्यन्वयनमा विशेष जोड दिइनेछ ।

९) खुला दिशामुक्त अभियानलाई सफल बनाउन नगरपालिकामा काम गर्ने कर्मचारी, न.पा.संग समन्वय गरी काम गर्ने संघसंस्थाका पदाधिकारी, उपभोक्ता समितिका पदाधिकारी, राजनीतिक दलका पदाधिकारी सबैले अनिबार्य रुपमा शौचालय बनाउनु पर्ने अन्यथा न.पा.का क्रियाकलापमा समाबेश नगराइने कर्मचारीको हकमा तलब रोक्का राख्ने तथा सेवाग्राहीहरुलाई न.पा बाट प्रदान गरिने सम्पूर्ण सेवाहरु रोक्का गर्ने नीति अख्तियार गरिने छ ।

## निर्णय नं. : ७

कपिलवस्तु नगरपालिकाको व्यवसायकर बक्यौता असुलीका सन्दर्भमा कतिपय व्यवसायहरु बन्द भै सकेपनि लगत कायम भैरहेको अवश्था समेत रहेकाले बक्यौता बुझाउने कार्यलाई प्रोत्साहित गर्ने अभिप्रायले चालु आ.व. र विगत २ आ.व. लाई छोडी त्यस भन्दा बिगतको बक्यौता रकममा ५० प्रतिशत छुट दिई बक्यौता असुल गर्न कपिलवस्तु नगरपालिका कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. : ८

कपिलवस्तु नगरपालिकालाई बुझाउनु पर्ने बांकी बक्यौता कर, पेश्की बेरुजु, ऋण तथा अन्य बांकी बक्यौता रकम नबुझाउने तथा फरफारक नगरे सम्म सो व्यक्ति तथा निजको परिवारको सदस्यहरुलाई नगरपालिकाबाट दिने सम्पुर्ण सेवा सुविधा रोक्का राख्ने नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

## निर्णय नं. : ९

"स्वच्छ शहर ऐतिहासिक कपिलवस्तुको रहर" मुल नारालाई सार्थक बनाउन दैनिक रुपमा नगरपालिकाबाट निस्किने फोहोरलाई वैज्ञानिक रुपमा व्यवस्थापन गर्न कपिलवस्तु नगरपालिका भित्र स्यानिटरी ल्याण्डफिल्ड साइटको सम्भाव्यता अध्ययन गरी सर्भे, डिजायन, लागत अनुमान तयार गरी दिन श्री फोहोरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र काठमाडौं र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत अन्य दातृ निकायमा समेत पुनः अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर : १०

कपिलवस्तु नगरपालिका क्षेत्र भित्र दिनानुदिन बढ्दो शहरीकरणलाई सुव्यवस्थित गर्न आन्तरिक श्रोत न्युन भएकोले भौतिक पुर्वाधार विकास लगायत सेवाप्रवाह प्रभावकारी बनाउन कठिनाई पर्न गएको हुंदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम प्राकृतिक श्रोत बांडफांड वापत जिल्ला विकास समिति मार्फत प्राप्त हुने रकम उपलब्ध गराई दिन श्री जिल्ला बिकास समिति, कपिलवस्तुलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर : ११

हालसालैको नेपाल सरकारको निर्णयबाट विस्तारित भएको यस कपिलवस्तु नगरपालिकामा हाल गौतम बुद्ध सँग सम्बन्धित अधिकांश स्थलहरु आबद्ध भएर यसको ऐतिहासिक, सा'स्कृतिक र पर्यटकीय गरिमा विस्तार भएको सन्दर्भमा यस नगरलाई "प्राचीन कपिलवस्तु सा'स्कृतिक नगरपालिका" नामाकरण गरी राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यता प्रदान गरिदिनुहुन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. :१२**

कपिलवस्तु नगरपालिकाको बीसौं नगरपरिषद् तयारीको सिलसिलामा २०७२ साल पौष **५** गते देखि २०७२ साल पौष **२२** गतेसम्म भएको पुर्व योजना तर्जुमा, वडास्तरीय योजना तर्जुमा गोष्ठीहरु, बिषयगत निकायको सुझाव, एकीकृत योजना तर्जुमा समितिको सिफारिस, राजश्व परामर्श समितिको सिफारिस तथा सुझावहरुलाई समावेश गरि बीसौं नगरपरिषद् सम्पन्न गरियो साथै बीसौं परिषदमा समावेश हुन नसकेका अन्य बिषयहरुलाई यस बैठकबाट अनुमोदन गर्दै कार्यान्वयनका लागि सम्बद्ध निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : १३**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार कपिलवस्तु नगरपालिका क्षेत्र भित्र विविध बिषयहरुमा बिषयगत समिति तथा कार्यदल र अन्य आवश्यक बिषयमा समिति तथा कार्यदल गठन गर्ने अधिकार न.पा. बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : १४**

महामानव गौतम बुद्धको क्रीडास्थल यस नगरका विभिन्न चोक लगायतका स्थानहरुमा बुद्धको जीवनकालका विविध घटनाहरु झल्कने स्मारिकाहरु निर्माण गरि दिनु हुन श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र लुम्बिनी विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : १५**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५० अनुसार कपिलवस्तु नगरपालिका कार्यालयको स्वीकृत मौजुदा दरबन्दीमा कार्यरत कर्मचारीहरुको आ.व. २०७३/२०७४ को तलब मान सहितको तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. : १६**

कपिलवस्तु नगरपालिकाको आन्तरिक राजश्व अभिबृद्धिका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत व्यवसायकर, माछापोखरी, जग्गानापी, अतिथिगृह, बसपार्क, हाटबजार, पसलघर जस्ता क्षेत्रमा भएको सार्वजनिक निजी साझेदारीको प्रयासलाई निरन्तरता दिँदै जाने निर्णय गरियो ।

**निर्णय नं. : १७**

कपिलवस्तु नगरपालिकाको आ.ब. २०७३/०७४ मा सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको बार्षिक कार्यक्रम तथा बजेट बमोजिमको कार्ययोजना सहितको अनुसुची २, ३ र ४ बार्षिक खरिद योजना, बार्षिक तथा मासिक कार्ययोजनालाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. : १८**

कपिलवस्तु नगरपालिकामा वडा कार्यालय नभएको हुंदा वडा सचिव समेतको जिम्मेवारी निर्वाहगर्ने कर्मचारीहरुलाई उन्नाईसौं नगरपरिषद् सम्पन्न गर्ने कार्यमा अतिरिक्त समय कार्य गरे वापत खाजा, खाना र यातायात खर्चका लागि प्रति व्यक्ति रु. ६,०००।०० (छ हजार) र दैनिक ज्यालादारी बाहेकका अन्य कर्मचारीहरुको लागि रु. १,५००।०० (एक हजार पाँच सय) का दरले उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नम्बर : १९**

कपिलवस्तु नगरपालिका पदपुर्ति समितिको सदस्य-सचिवबाट पेश भएको आ.व. २०७१/०७२ र चालु आ.ब. २०७२/०७३ को हाल सम्मका कार्यहरुको वार्षिक प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदनलाई अनुमोदन गर्दै समितिका सम्पुर्ण पदाधिकारीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. :२०**

कपिलवस्तु नगरपालिका कार्यालयको आ.ब. २०७१/०७२ को खर्च भएर नजाने जिन्सी सामानहरुको मिति २०७२/४/६ मा प्रस्तुत जिन्सी निरिक्षण प्रतिवेदनको आधारमा मिति २०७२/४/६ मा भएको निर्णय अनुसार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१८ र २२६ बमोजिम अनुसूचि ५ मा रहेको सामानहरुको मर्मत, लिलाम र मिन्हा गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. : २१**

कपिलवस्तु नगरपालिका कार्यालय बगैचा हेरचार, कार्यालयको सुरक्षा, सवारी चालक, सरसफाई तर्फका कार्यहरु आवश्यकता अनुसार सेवा करारबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. : २२**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ उपनियम १ र ३ बमोजिम कपिलवस्तु नगरपालिका कार्यालयमा आर्थिक बर्ष २०७२।०७३ देखि नगरपालिकाको लेखा प्रोदभावी (Accrual Accounting System) प्रणाली अनुसार राख्ने निर्णय गरियो ।

**निर्णय नं. : २३**

कपिलवस्तु नगरपालिका कार्यालयको आ.व. २०७१/०७२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल हुंदा उल्लेखित पेश्की तथा बेरुजुको लगत कसी नियमानुसार नियमित तथा असुल उपर गर्न कपिलवस्तु नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नम्बर : २४

नगर क्षेत्रका सार्वजनिक तथा व्यक्तिगत घर जग्गामा राखिएका व्यावसायिक तथा सार्वजनिक हित बिषयक होर्डिङ्ग बोर्डहरुलाई नगरपालिका कार्यालयमा नियमानुसार दर्ता, नविकरण गरी अनुमती लिएर मात्र राख्न पाउने व्यवस्थालाई कडाईका साथ लागु गर्ने तथा सो दायरामा नआउने होर्डिङ्ग बोर्डहरु नगरपालिकाले हटाउन लगाउने र सोमा लागेको खर्च समेत सम्बन्धीत बोर्ड धनीहरुबाट असुल उपर गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर : २५

कपिलवस्तु नगरपालिका क्षेत्र भित्र रहेका बिभिन्न किसिमका ऐलानी पर्ती, गाउँ ब्लक, पोखरी, गडहा जस्ता सार्वजनिक जग्गाहरु ठाउँ-ठाउँमा अतिक्रमण गर्दै आईराखेको गुनासोहरुलाई मध्येनजर राखी उक्त जग्गाहरुलाई नियमानुसार अतिक्रमण हटाई खाली गराई सो जग्गाको सम्वर्धन, संरक्षण गर्नका लागि सम्बन्धीत निकायहरु संग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. : २६

कपिलवस्तु नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र बनाउने नीतिलाई मुर्त रुप दिन नगरवासीहरुको माग अनुसार विभिन्न स्थानमा आ.व २०७३/०७४ को लागि उपभोक्ता समितिद्वारा निर्माण तथा व्यवस्थापन हुने सार्वजनिक शौचालय निर्माण कार्यक्रम अगाडी बढाई शान्तीका दुत गौतम बुद्ध नगरी लाई स्वस्थ्य र सुन्दर बनाउने कार्यका लागि सहयोग गरि दिन शहरी विकास तथा भवन निर्माण विभाग र जिल्ला विकास समितिको कार्यालय तथा पश्चिम तराई खानेपानी तथा सरसफाई परियोजना कपिलवस्तु लाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. : २७

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४७ बमोजिम स्थानीय निकायको परिषदबाट गरिनु पर्ने कार्य पटक-पटक परिषद बस्न संभव नंहुदा अत्यावश्यकीय कार्य सम्पादनका लागि आगामी परिषदबाट अनुमोदन गराउने गरि नगरपालिका बोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. : २८

कपिलवस्तु नगरपालिका कार्यालयको स्वीकृत संगठनात्मक स्वरुप तथा मौजुदा कर्मचारी दरबन्दीमध्ये दरबन्दी संख्या कायम राखी संगठन संरचनामा सामान्य हेरफेर र परिमार्जन स्वीकृत गर्ने (अनुसुची-६ र ७) निर्णय गरियो ।

**निर्णय नं. : २९**

यस कपिलवस्तु नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, आंशिक अपाङ्ग, पुर्ण अपाङ्ग, दलित बालबालिका र लोपोन्मुख जातजातिका व्यक्तिहरुको नामावली छलफल गरि सार्वजनिक गर्ने (अनुसुची- ८) निर्णय गरियो ।

**निर्णय नं. : ३०**

कपिलवस्तु नगरपालिकाको विभिन्न वडाबाट माग भई आएका आयोजनाहरुमध्ये यस नगरपरिषदबाट सम्बोधन हुन नसकेका आयोजनाहरुलाई आफ्नो कार्यक्रममा समावेश गरी कार्यान्वयन गरि दिनु हुन जिल्ला विकास समिति, श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सम्बद्ध मन्त्रालय तथा अन्य निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ नियम २२३ को उपनियम ४ बमोजिम फायरम्यान शकंर आचार्य दोश्रो तहबाट तेश्रो तहमा बढुवा हुनु भएकोले उक्त नियममा भएको व्यवस्था बमोजिम दोश्रो तह खारेज गरि सहायक स्तर तेश्रो तह फायरम्यान (हवल्दार) कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ३२**

कपिलवस्तु नगरपालिकाको नगर पार्श्व चित्र (Municipal Profile) अध्यावधिक गरि प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ३३**

कपिलवस्तु नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रदान गर्दै आएको स्थानीय भत्ता समय सापेक्ष कम रहेको र विगत बर्ष देखि बृद्धि समेत नगरिएको हुंदा अधिकृत स्तरका लगि रु.४०००।०० सहायकस्तर का लागि रु.२५००।०० र श्रेणीविहिन कर्मचारीहरुको लागि रु.१७००।०० मासिक स्थानीय भत्ता कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ३४**

कपिलवस्तु नगरपालिकाको आर्थिक बर्ष २०७१/०७२ को सामाजिक परिक्षण प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई क्रमश: कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. : ३५**

कपिलवस्तु नगरपालिकाको संशोधित भवन निर्माण तथा सडक मापदण्ड सम्बन्धी निर्देशिका, २०७२ लाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ३६**

भुकम्प, विपद वा अन्य प्रयोजनका लागि आफ्नो क्षेत्रभित्रका सार्वजनिक, पर्ती, ऐलानी जग्गाहरुको निश्चित क्षेत्रलाई खुला क्षेत्र तोक्नुपर्ने व्यवस्था भए अनुसार यस नगरपालिकाको निम्न क्षेत्रहरुलाई “खुला क्षेत्र” तोक्ने र यस विषयलाई सवैको जानकारीमा पुर्याउन प्रचार प्रसार गर्ने निर्णय गरियो ।

अ) वडा नं. ५ को खेलमैदान

आ) वडा नं. ११ को चपरतल्ला

**निर्णय नं. : ३७**

कपिलवस्तु नगरपालिकामा हाल समावेश भएका साविक गोटिहवा र तिलौराकोट गा.वि.स. हरु (कपिलवस्तु न.पा. वडा नं. १५,१६,१७,१८ र १९) मा नक्सा पास प्रयोजनको हकमा चालु आ.व. को ग्रामिण क्षेत्रको लागि तोकिएको दस्तुरमा आ.व. २०७२।०७३ को लागि ५० प्रतिशत र आगामी ३ आ.व सम्म क्रमश: ५०,२५ र २५ प्रतिशत छुट दिई नक्सा पास गर्ने र न.पा घोषणा हुनु भन्दा अघि निर्माण भएका संरचनाहरुको स्वीकृतिको हकमा आगामी ३ आर्थिक बर्षका लागि तोकिएको दस्तुरमा ७५ प्रतिशत छुट दिई नक्सा पास सम्बन्धि कार्य गर्ने आ.व. २०७३।०७४ देखि एकीकृत सम्पत्ति कर लागु गर्न आवश्यक कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. : ३८**

कपिलवस्तु नगरपालिकाका हाल समावेश भएका साविक गोटिहवा र तिलौराकोट गा.वि.स हाल वडा नं १५,१६,१७,१८र १९ मा खानेपानीको अवश्था कमजोर रहेको हुंदा खानेपानी आयोजना संचालनका लागि सम्बद्ध निकायमा आवश्यक पहल गरि दिन जिल्ला स्थित खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय क.व. मा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ३९**

कपिलवस्तु नगरपालिका वडा नं २ स्थित गौढी चोक देखि पुर्वमा रहेको गढाहामा चालु आ.व. मा स्वीकृत कार्यक्रम सम्पन्न पश्चात पसल घर सहितको बाल उद्दान निर्माणको लागि श्री नगर विकास कोष काठमाडौं मा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०**

कपिलवस्तु नगरको मुख्य राजमार्ग क्षेत्रमा जमुवार टोल देखि नयांटोल हुदै भिक्षुचोकसम्म नागरिकको आवागमनलाई सहज बनाउन र शान्ति सुरक्षालाई थप प्रभावकारी बनाउन उक्त क्षेत्रमा सौर्य उर्जा जडित सडक बत्ति जडान गरि दिन जिल्ला विकास समिति, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नगर विकास कोष र बैकल्पिक उर्जा प्रवर्धन केन्द्र लगायतका सम्बद्ध निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**

कपिलवस्तु नगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन तथा कर प्रक्षेपण प्रतिवेदन २०७२ (आ.व.२०७३।०७४ देखि ५ बर्ष) लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२**

कपिलवस्तु नगरपालिकाबाट निर्मित तपसिल बमोजिमका सडकहरुको दिगो व्यवस्थापनका लागि तोकिएबमोजिमको पटके सवारी कर संकलन गर्न ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

क) बिजगौरी पुल देखि विश्वम्भरपुर हुदै मालपारा तौलिहवा

ख) कृषि विकास बैकं देखि ४ नं जाने सडक

ग) सगरहवा नदिजन्य पदार्थ निकासीका लागि प्रयोग हुने सडक

**निर्णय नं. ४३**

कपिलवस्तु नगरपालिकाको लागि तयार भएका देहाय बमोजिमका प्रतिवेदन,कार्य योजना,कार्यविधि,निर्देशिकाहरु लाई अनुमोदन तथा स्वीकृति प्रदान गर्ने निर्णय गरियो

क) नगर क्षमता विकास योजना २०७२(२०७२।०७३-२०७४।०७५)

ख) बार्षिक प्रगति समिक्षा प्रतिवेदन, २०७२

ग) आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७२

घ) आयोजना प्रभाव मूल्याकंन प्रतिवेदन, २०७२

## निर्णय नं. ४४

कपिलवस्तु नगरपालिकाको लागि आ.व. २०७३/०७४ को जिल्ला परिषद मार्फत कार्यक्रम स्वीकृत गराई जिल्ला विकास समिति तथा केन्द्रीय निकायबाट कार्यान्वयन हुने गरि सम्बन्धित निकायमा केन्द्रीय तथा जिल्ला स्तरमा अनूसुची ९ अनुसारका योजनाहरु संचालन गरि दिन अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४५

कपिलवस्तु नगरपालिकाको नगर यातायात गुरु योजना (MTMP) निर्माणका लागि सहयोग गरि दिनु हुन श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४६

२०७२ साउन महिना देखि परिषद बैठकको मितिसम्म तराई मधेशमा चलेको आन्दोलनको कारण पार्किंग तथा हाटबजार संचालन कार्य पूर्णरुपमा बन्द भएकोले उक्त अबधिको राजश्व छुटको लागि पेश हुन आएको निबेदन सम्बन्धमा आबश्यक निर्णय लिन नगरपालिका बोर्डलाई जिम्मेबारी दिने निर्णय गरियो ।

## निर्णय नं. : ४७

कपिलवस्तु नगरपालिकाको उन्नाइसौं नगरपरिषद सफलतापुर्वक सम्पन्न गर्न आफ्नो अमुल्य समय दिई सुझाव सल्लाह तथा सकृय सहयोग गर्नु हुने राजनैतिक दलका प्रतिनिधि, विभिन्न समितिमा रहनु भएका सदस्यहरु, सञ्चारकर्मीहरु, व्यवसायीहरु, शिक्षक, नागरिक समाज, टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, सम्पुर्ण नगरवासी लगायत नगरपालिकाका सम्पुर्ण कर्मचारी प्रति हार्दिक धन्यवाद दिँदै उपरोक्तानुसारका निर्णय गरी उन्नाइसौं नगरपरिषद् सम्पन्न गर्ने निर्णय गरियो ।

ईति सम्बत् २०७२ साल पौष २३ गते विहीवार